स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका सृष्टि श्रेष्ठमा केन्द्रित फिल्म 'द सेक्रेट्स अफ राधा' रि रिलिज हुने भएको छ । निर्माण समुहले यो फिल्मलाई आगामी भदौ २९ गते पुनः प्रदर्शन गर्ने भएको हो । फिल्म 'राधा' गत सालको भदौ १० गते प्रदर्शनमा आएको थियो । हलले शोज बाँडफाँडमा अन्याय गरेको भन्दै निर्माण पक्षले चार दिनमै प्रदर्शन स्थगन गरेको थियो । निर्माता तथा निर्देशक सुवर्ण थापाले अनुकूल समय हेरेर फिल्मलाई पुनः रिलिज गरिने बताएका थिए ।

**आजको विचार...**



मेघनाथ दाहाल

**शरणार्थी...**

*(दुई पेजमा)*



म्युजिक भिडियो सकम्बरीबाट चर्चामा आएकी मोडल हुन् कुशुम शर्मा । सकम्बरी पात्र निभाएकी कुशुमलाई उक्त गीतले एकाएक चर्चामा ल्यायो । उनको अभिनयलाई दर्शकले अत्याधिक रुचाए । गायक प्रकाश सपुतको आवाज, शब्द र रचना रहेको गीतलाई हाल सम्म ३३ मिलिएन दर्शकले हेरिसकेका छन् । उक्त गीतमा मान्छेलाई अभावले कहाँ पुर्याउँछ भन्ने सन्दर्भलाई जोडदाररुपमा देखाइएको छ । बुबाले दोस्रो बिहे गरेपछि आमा बहिनीको लालनपालनका लागि एक युवतीले गरेको संघर्षलाई देखाइएको छ ।

❑ वर्ष २८ ❑ अंक ३०३ ❑ २०८० जेठ १८ गते बिहीबार 1 June 2023, Thursday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण

**पाल्पा,** जेठ १७/ यस अघिको राष्ट्रपति विद्यादेवी भण्डारीले रोकेको नागरिकता सम्बन्धी विधेयक वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका छन् । पौडेलले अघिल्लो संघीय संसद्रुबाट पारित भएको नागरिकता सम्बन्धी विधेयकलाई बुधबार प्रमाणीकरण गरेका हुन् ।

नेपाली नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयकलाई उनले प्रमाणीकरण गरेका छन् । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त बमोजिम विधेयक प्रमाणीकरण गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । संसद्का दुवै सदनले पारित गरेको नागरिकता विधेयक २०७९ साउन १६ मा तत्कालीन राष्ट्रपति भण्डारीसमक्ष प्रमाणीकरणका लागि पठाइएको थियो । विधेयकमा चित्त नबुझेको भन्दै भण्डारीले संसद्लाई फिर्ता पठाएकी थिइन् । दुवै सदनले दोस्रो पटक विधेयक हुबहु पारित गरेर भदौ २० मा राष्ट्रपतिकहाँ पठाएको थियो । १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि उनले थन्क्याइदिएकी थिइन् । ९ महिनापछि त्यही विधेयक सत्ता गठबन्धनको सुझावमा राष्ट्रपति पौडेलले प्रमाणीकरण गरेका हुन् ।

# गुल्मीका स्थानीय तहलाई ४ अर्ब ५३ करोड बढीको बजेट

## कुन स्थानीय तहले कति पाए ?

**रामचन्द्र रायमाझी**


**गुल्मी,** जेठ १७/संघीय सरकारले आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय तहलाई २ खर्ब ९५ अर्ब २ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । यो रकम महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाले पाउने छन् । अर्थमन्त्री प्रकाशशरण महतले सोमबार संसदमा प्रस्तुत गरेको बजेट अनुसार स्थानीय तहले पाउने रकम गत वर्षको भन्दा केही घटेको छ । तर गुल्मीका दुई नगरपालिका र आठ गाउँपालिकालाई प्राप्त भएको बजेट भने चालु आर्थिक वर्षको भन्दा केही बढेको छ । यहाँ अघिल्लो आर्थिक वर्षको भन्दा २९ करोड ४४ लाख बढीले बजेट बढेको हो ।




संघीय सरकारले यहाँका स्थानीय तहलाई समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान गरी चार प्रकारका अनुदानमा ४ अर्ब ५३ करोड ५० लाख बजेट विनियोजन गरेको छ । जसमा चालुतर्फ ४ अर्ब १ करोड ८३ लाख छ भने पुँजीगततर्फ ५१ करोड ६७ लाख रहेको छ । यहाँ चालु आर्थिक वर्षमा ४ अर्ब २४ करोड ६ लाख बजेट विनियोजन भएको थियो । यस पटक यहाँका दुई नगरपालिकालाई ८७ करोड ६२ लाख र आठ गाउँपालिकालाई ३ अर्ब ६५ करोड ८८ लाख बजेट विनियोजन भएको छ । जहाँ मुसिकोट नगरपालिकालाई ४७ करोड ९७ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ४२ करोड ७९ लाख र पुँजीगतर्फ ५ करोड १८ लाख रहेको छ । यहाँ चालु आर्थिक वर्षको भन्दा केही रकम कम आएको छ । गत वर्ष यहाँ ४८ करोड ५२ लाख बजेट विनियोजन भएको थियो । यस्तै रेसुङ्गा नगरपालिकामा यस पटक ३९ करोड ६५ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३६ करोड २८ लाख र पुँजीगततर्फ ३ करोड ३७ लाख रहेको छ । यहाँ पनि गत वर्षको तुलनामा बजेट कम आएको छ । चालु आर्थिक वर्षमा यस नगरपालिकालाई ४१ करोड १३ लाख बजेट आएको थियो । यस पटक इस्मा गाउँपालिकालाई ३२ करोड ४ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ २८ करोड ८४ लाख र पुँजीतर्फ ३ करोड २० लाख रहेको छ । यहाँ गत वर्ष ३१ करोड ३ लाख बजेट विनियोजन भएको थियो । कालीगण्डकी गाउँपालिकालाई ३५ करोड ९० लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३१ करोड ९२ लाख र पुँजीगततर्फ ३ करोड ९८ लाख रहेको छ । यहाँ चालु आर्थिक वर्षमा ३४ करोड ४३ लाख बजेट परेको थियो । यस्तै गुल्मीदरबार गाउँपालिकालाई ३२ करोड २१ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ २९ करोड ३ लाख र पुँजीगततर्फ ३ करोड १८ लाख रहेको छ । यहाँ चालु आर्थिक वर्षमा ३२ करोड १९ लाख बजेट विनियोजन भएको थियो ।

यस्तै चन्द्रकोट गाउँपालिकालाई ३६ करोड १३ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३२ करोड ५३ लाख र पुँजीगततर्फ ३ करोड ६० लाख रहेको छ । यहाँ चालु आर्थिक वर्षमा ३३ करोड ८४ लाख बजेट परेको थियो । छत्रकोट गाउँपालिकालाई ३९ करोड ३८ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३२ करोड ७८ लाख र पुँजीगततर्फ ६ करोड ६० लाख रहेको छ । यहाँका चालुआर्थिक वर्षमा ३८ करोड ५८ लाख बजेट विनियोजन भएको थियो । यस पटक धुर्कोट गाउँपालिकालाई ४० करोड २७ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३४ करोड ५६ लाख र पुँजीगततर्फ ५ करोड ७१ लाख रहेको छ । यहाँ गतवर्ष ४० करोड ६३ लाख परेको थियो । यस्तै मदाने गाउँपालिकामा यस पटक ३३ करोड ७३ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३० करोड ४८ लाख र पुँजीगततर्फ ३ करोड २५ लाख छुट्याइएको छ । यहाँ चालु आर्थिक वर्षमा ३८ करोड २० लाख विनियोजन गरिएको थियो । मालिका गाउँपालिकामा ३८ करोड ८२ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३३ करोड ८३ लाख र पुँजीगततर्फ ४ करोड ९९ लाख रहेको छ । यहाँ चालुआर्थिक वर्षमा ३९ करोड १५ लाख बजेट विनियोजन भएको थियो । रुरुक्षेत्र गाउँपालिकालाई ३७ करोड ३७ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३२ करोड ६२ लाख र पुँजीतर्फ ४ करोड ७५ लाख रहेको छ । यहाँ अघिल्लो वर्ष ३६ करोड १६ लाख बजेट परेको थियो । यस्तै सत्यवती गाउँपालिकालाई यस पटक ४० करोड ३ लाख बजेट विनियोजन भएको छ । जसमा चालुतर्फ ३६ करोड १७ लाख र पुँजीगततर्फ ३ करोड ८६ लाख रहेको छ । यहाँ चालु आर्थिक वर्ष ३८ करोड १० लाख बजेट परेको थियो ।

# नयाँदिल्लीमा प्रधानमन्त्री प्रचण्ड



**पाल्पा,** जेठ १७/चार दिने भ्रमणका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड दिल्ली पुगेका छन् । बुधबार दिउँसो १ बजेर २५ मिनेटमा नेपाल एयरलाइन्सको नियमित उडानबाट दाहाल दिल्ली प्रस्थान गरेका थिए ।

उनलाई भारतका विदेश राज्यमन्त्री मिनाक्षी लेखीले स्वागत गरेकी थिइन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा प्रधानमन्त्री प्रचण्ड भारत गएका हुन् । मोदीसँग आज हैदरावाद हाउसमा द्विपक्षीय वार्ता हुनेछ । नेपाल र भारतबीच विभिन्न विषयमा सम्झौता हुने कार्यक्रमसमेत रहेको छ । सरकारको नेतृत्वमा फर्किएको पाँच महिनापछि प्रधानमन्त्री दाहाल बुधबार भारत भ्रमण तय गरेका हुन् । गत पुस १० मा तेस्रो पटक प्रधानमन्त्री बनेपछि दाहालको यो पहिलो विदेश भ्रमण हो । सरकारी ४७, निजी उद्योग व्यवसाय क्षेत्रका ४१, मिडिया प्रतिनिधि, ५ मन्त्री, डेढ दर्जन सचिव तथा सहसचिव टोलीमा सहभागी छन् । प्रधानमन्त्रीको सम्मानमा दिल्लीस्थित नेपाली दूतावासले रात्रिभोज आयोजना गरेको थियो । त्यहाँ रहेका नेपाली समुदाय, नेपालसँग सरोकार राख्ने केही भारतीय राजनीतिज्ञ, कूटनीतिक क्षेत्र र मिडियाकर्मी सहभागी थिए । आज बिहान साढे १० बजे महात्मा गान्धीको समाधिस्थल राजघाटमा पुष्पगुच्छा अर्पण गर्न दाहाल पुग्नेछन्रु। त्यसपछि उनी भारतीय प्रधानमन्त्री मोदीलाई भेट्न ११ बजे हैदराबाद हाउस पुग्ने सूची छ । हैदराबाद हाउसको नीलगिरि कक्षमा मोदीसँग उनको भेटवार्ता हुनेछ । त्यसका लागि ११ बजेर ५ मिनेटदेखि ११ बजेर ३५ मिनेटको समय छुट्याइएको छ । त्यसपछि प्रतिनिधिमण्डल स्तरको बैठकमा दुवै प्रधानमन्त्री बस्ने छन् ।

# सहयोग नहुँदा गौधाम टिकाउनै समस्या

**गल्याङ,** जेठ १७/स्याङ्जाको गल्याङ नगरपालिका-११ बन्नेडाँडास्थित कृष्णगण्डकी आलमदेवी गौधाम एवं आध्यात्मिक चिन्तन संस्थामा रहेका गाई पाल्न समस्या हुँदै गएको छ । गोठ र चरन क्षेत्र गरी ११ रोपनी क्षेत्रफलमा फैलिएको गौधाममा लोपोन्मुख स्थानीय जातका १९ काठे गाई छन् । गोठाला खर्च, गाईका लागि घाँस, पराल, गोठ तथा चरन क्षेत्रको अभाव भएपछि समस्या हुँदै गएको हो ।



कृष्णगण्डकी आलमदेवी गौधाम व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष नारायण ढकालले सोचेजस्तो सहयोग नआउँदा गाईपालनमा समस्या थपिँदै गएको बताए । 'धार्मिक र चिकित्सकीय हिसाबले गाई महत्वपूर्ण भए पनि पछिल्लो समय हेलाको विषय बनेको छ', उनले भने, 'दिनमा पाँच/सात जनाको गाई पाल्दिनुपर्‍यो भनेर फोन आउँछ, गौपालक कर्मचारीलाई तलव व्यवस्थापन, गाईको आहार र चरन क्षेत्रको समस्या भएकाले थप गाई राख्न सकेका छैनौं ।' स्थानीय तहको अघिल्लो सरकार हुँदा एक लाख र नयाँ सरकार आएपछि गौधामका लागि दुई लाख सहयोग प्राप्त गरेको उनले बताए । ढकालले दुईजना कर्मचारीको मासिक तलब १५/१५ हजार नगरपालिकाले व्यवस्थापन गरिदिए गौधाम सञ्चालनको जटिलता केही अन्त्य हुने सुनाए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बुवा–आमाको सधैँ सम्मान गरौं

हरेक वर्ष वैशाख महिनाको कृष्ण पक्षको औंसीमा आमा र भाद्र कृष्ण औंसी अर्थात् कुसेऔंसीमा बुवाको मुख हेर्ने चलन छ । यो चलन जस्तै हरेक वर्ष जुन १ तारिखमा विश्व आमाबुवा दिवस मनाउने गरिन्छ । आज पनि विश्वभर बुवा आमाको सम्मानमा यो दिवस मनाइदै छ । सन् २०१२ को संयुक्त राष्ट्र संघको महासभाले विश्वभरिका आमाबुवालाई केन्द्रित गर्दै हरेक वर्ष जुन १ लाई आमाबुवा दिवसका रूपमा मनाउने घोषणा गरेको थियो । सोही घोषणा अनुसार यो दिवस मनाउने गरिन्छ । अहिलेको अवस्थामा यो दिवस मनाउनु राम्रै मानिन्छ । जो बुवा आमा भन्दा टाढा छन् । जसले वर्षौंसम्म पनि आमा बुवा भेट्न पाउँदैनन्, उनीहरुका लागि यो दिवस महत्वपूर्ण रहन्छ । तर वर्षमा एक दुई पटक बुवा आमाप्रति सद्भाव र माया दर्शाएर पुग्दैन । जन्म र कर्म दिने बुवा आमालाई वर्षमा एक/दुई दिन सम्भिmएर हुँदैन । अझ अहिले त वर्षभरी वास्ता नगर्ने जब आमा, बुवाको मुख हेर्ने र दिवस आउँछन् तब सामाजिक सञ्जालका भित्ताहरूमा बुवा आमाका तस्वीरहरु सजाएर राख्ने प्रवृत्तिको विकास भएको छ जुन गलत हो ।

हिजोआज बढ्दो पश्चिमीकरण र तिनका मूल्य–मान्यता अँगाल्ने होडमा धेरै बुवाआमाहरू अवहेलनामा परिरहेका छन् । आफू सक्षम नबनुञ्जेल काखमा लुटपुटिने र सक्षम बनिसकेपछि तिनै आमालाई साहारा विहीन बनाउने सन्तानहरू अहिले बढिरहेका छन् । यो अत्यन्त दुःखको कुरा हो । बुवा आमा–जननी, जन्मदाता र कर्मदाता हुन् । सनातन संस्कृति अवलम्बन गर्ने हो भने मातापिता वर्ष दिनभरि नै पुजनीय हुन्छन् । दर्शनीय हुन्छन् । बुवा आमाले गरेको सानो गल्तीले उनीहरुको महिमा घट्दैन । जन्मदेखि लालनपालन गरेर व्यक्तिलाई यस अवस्थामा ल्याउनसम्म मातापिताको ठूलो भूमिका हुन्छ । सनातन मान्यताअनुसार एकदिन मुख हेरेर वा मीठा खानेकुरा खुवाएर सन्तानको कर्तव्य पूरा हुँदैन । जीवित हुँदा मातापिताको अनुकुलको कार्य गर्ने, आफ्नो क्षमता अनुसार सेवा गर्ने र मृत्युपछि पनि श्राद्ध आदि कार्य गरेर उनीहरूको सम्मान गर्नुपर्छ । यसो गर्न सके मात्र बुवा आमाप्रति सच्चा सम्मान गरेको ठहर छ । तसर्थ बुवाआमालाई वर्षको एक/दुई दिन होइन सधैँ सम्मान र आदरभाव प्रकट गरौं ।

### Opinion @ Social Network

मान्छेहरु मसँग जतिसुकै रिसाउन... मलाइ फरक पर्दैन
किनकी ? म हरेकलाइ फुलको आखाबाट हेर्ने गर्छु ।
*(विशाल दर्लामीको फेसबुकबाट https://www.facebook.com/bishal.darlami.3)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शरणार्थी प्रकरण र नेपाली राजनीति



**मेघनाथ दाहाल**

> *समाजमा सदीयौंदेखि विद्यमान मूल्यमा जसरी क्षयीकरण भइरहेको छ यस बारेमा कुनै तहमा आजसम्म बहस एवं छलफल हुन सकेको छैन । नब्बेको दशकपछि विश्वमानचित्रमा जुन विकासको गतिको कारण समाजको सकारात्मक परिवर्तन हुनसकेको छ, सो गतिमा हाम्रो समाज चल्न नसक्दाको परिणाम हामी खेपिरहेका छौं ।*

नेपाली समाजको समयानुकूल हुन नसकेको सकारात्मक परिवर्तन र यसको असर विस्तारै सामाजको सबै तह र तप्कामा देखिन थालेको प्रत्यक्ष प्रमाण आजभोलिको नेपाली समाजको सामाजिक, आर्थिक एवं राजनीतिक परिवेश हो । नेपाली समाज आर्थिक पक्षमा मात्र पछि परेको कुरा बारम्बार गरिरहेका हुन्छौं । अधिकांश सञ्चारमाध्यममा यसबारेको कभरेज बढी हुन्छ । विकास र संमृद्धिको एउटा स्तरमा नपुगुञ्जेल यो छलफल बहस आवश्यक छ तर यो मात्रले समाजको सकारात्मक दिशानिर्देश गर्न सक्दैन । समाजमा सदीयौंदेखि विद्यमान मूल्यमा जसरी क्षयीकरण भइरहेको छ यस बारेमा कुनै तहमा आजसम्म बहस एवं छलफल हुन सकेको छैन । नब्बेको दशकपछि विश्वमानचित्रमा जुन विकासको गतिको कारण समाजको सकारात्मक परिवर्तन हुनसकेको छ, सो गतिमा हाम्रो समाज चल्न नसक्दाको परिणाम हामी खेपिरहेका छौं । समावेशी मान्यतासहितको बहुदलीय प्रजातान्त्रिक विधिमा आधारित शासन प्रणाली अवलम्बन गरिसकेको तीन दशक भइसकेको अवस्थामा न्यूनतम आधारभूत आवश्यकताका सेवामा बहुसंख्यक नेपालीहरू तड्पिरहेका छौं । राजनीति, प्रशाशन, शिक्षा, स्वास्थ्य, निर्माण, परराष्ट्र, उत्पादन, निर्यात, बैंक वित्तीय क्षेत्र, बजारलगायत क्षेत्रमा सन्तुष्ट हुने अवस्था देखिँदैन । राजनीतिक नेतृत्वमा देखिएको चरम विकृति र निराशाका बीच कसरी समाजले निकास पाउला भन्ने चासोको विषय छ ।

हालै सतहमा आएको भुटानी शरणार्थी प्रकरणले समग्र नेपाली सत्ता राजनीति र शक्तिको आडमा हुनेगरेको घिनलाग्दा कर्तुतहरूको भण्डाफोर गरेको छ । जेहोस् आजको दिनसम्म कानुनी रूपमा कसैलाई पनि दोषी निक्यौंल गरिसकिएको अवस्था भने छैन । यस किसिमका आन्तरिक घट्नाले अन्तर्राष्ट्रियस्तरमा समग्र नेपाल र नेपालीहरूको नाकमा जसरी कालो लाग्न पुगेको छ, यसलाई शर्मनाक विषयवस्तुको रूपमा लिनुपर्ने देखिएको छ । यस किसिमका घट्ना हुनुका पछाडि समाजमा विद्यमान विविध तत्वको भूमिकालाई खोतल्ने प्रयास गरिएको छ । शरणार्थी प्रक्रियमा यदि दोषी ठहरिएमा कुनै व्यक्ति विशेष वा समूह विशेषको अपराधीकरणमा सबैलाई समान्यीकरण गर्न खोजिएको भने होइन । तर, विद्यमान प्रवृत्तिगत पक्षलाई इंगित गर्नमात्र खोजिएको हो ।

**राजनीतिक नेतृत्वको गिर्दो निष्ठा र मूल्य :**

हालको राजनीतिक नेतृत्वहरूमा बीपीको जीवनदर्शनले सिञ्चित नेपाली कांग्रेस, पुष्पालाल मनमोहन एवं मदन भण्डारीले सुरुवात गरेको एमाले, दशकभारि सशस्त्र आन्दोलनमा हजारौं नेपालीहरूको शाहदत भएको माओवादीलगायत गजेन्द्रनारायण सिंह जस्तो आदर्श व्यक्तित्वको दर्शनबाट प्रभावित तराई केन्द्रित दलहरूकै दबदबा देखिन्छ । तर, दलहरूको राजनीतिक नेतृत्वमा हुनुपर्ने मूल्य, मान्यता र निष्ठको व्यवहारमा दिनानुदिन स्खलन आइरहेको छ । कांग्रेसी नेता तथा कार्यकर्तामा देखिएको भड्किलो एवं महँगो जीवन पद्धति, एमालेका नेता तथा कार्यकर्तामा विकसित भएको विलासितासहितको चाँडै धनी बन्ने प्रवृत्ति, त्रिसठ्ठी सालबाट मात्र खुला राजनीतिमा आएको माओवादी नेता तथा कार्यकर्ता माझ अप्रत्यासित रूपमा विकसित अति उपभोक्तावादी अमेरिकनस्तरको जीवनशैलीको प्रत्यक्ष असर सत्ता राजनीति तथा सरकारी सेवाप्रवाह हुने विभिन्न तह तथा तप्कामा देखिन थालेको छ । त्यसैगरी तराई केन्द्रित दलहरूमा विकसित द्वेद मानसिकताले तराईमा वर्षौंसम्म सिमान्तीकृत बन्न पुगेका लाखौं सर्वसाधारणको आशा एवं विश्वाशको केन्द्रमै धमिरा लाग्न थालेको छ । तराई केन्द्रित अधिकांश दल सत्तामा हुँदा र बाहिर बस्दाको व्यवहारमा फरकपनका कारण जेन्युन राजनीतिक विषयवस्तुको सम्बोधन हुन नसकेको हो । केन्द्रदेखि वडास्तरसम्मका सबै दलका कार्यकर्ता माझ विकसित भ्रष्ट व्यवहारले अन्तत्वगत्वा देखाउने बाटो भनेको स्वाभाविक रूपमा यही किसिमको हो । यो तथा त्यो स्तरको अपराध हो । दलगत राजनीतिको गलत प्रयोगका कारण समाजमा एउटा ठग समूहको निर्माण क्रमश: हुँदै गएको छ । सो समूहको पहुँच, सत्ता र केन्द्रीय राजनीतिसँग प्रत्यक्ष भएकाले यस किसिमका गतिविधिले प्रश्रय पाउँदै गएका हुन् । दलहरूको नेतृत्वले आजका दिनसम्म कार्यकर्तालाई इमानदारीका, मिहिनेत र परिश्रममा आधारित सरल, वैज्ञानिक सोचको जीवनशैली अपनाउन कहिल्यै अभिप्रेरित गरेको पाइँदैन ।

**महँगो राजनीतिक प्रणाली :**

हाल मुलुकमा विद्यमान राजनीतिक तथा प्रशासनिक प्रणाली विश्वकै सबैभन्दा महँगो प्रणालीमध्येको एक हो । अर्थतन्त्रको आकार, संरचना, उत्पादन, निर्यात तथा नाफामुखी, समग्र आर्थिक क्रियाकलापमा विश्वको अन्त्यतिर पर्ने मुलुकको शासकीय प्रणाली सबैभन्दा महँगो छानेर लागू गरेपछि समाजमा आर्थिक अनियमितताको जात्रा देखिनु कुनै हिसाबले अस्वाभाविक हुँदैन । संघीय, प्रान्तीय तथा स्थानीय सबै निकायमा विनियोजित रकममा नराम्रो स्तरमा भ्रष्टचारका घटना देखिनुले यस विषयलाई पुष्टि गर्दछ । तीन करोडको जनसंख्याको मुलुक जसमा आन्तरिक राजस्व परिचालनले मुलुकको साधारण खर्चसमेत धान्न सक्दैन । हामीले विकासित गरेको प्रणालीमा वडाअध्यक्षलाई समेत पारिश्रमिकको व्यवस्था गरेका छौं । अनि हामी ऋणमा नडुबेर को डुब्ने ? कि आर्थिक तथा व्यावसायिक गतिविधिमा नीतिगत छलाङ मारेर जान सक्नुपर्‍यो कि त राजनीतिक प्रणाली सस्तो एवं सुलभ बनाउन सक्नुपर्‍यो । निर्वाचन प्रणाली अत्यन्त महँगो किसिमको छ, नेपाली आयस्तरले धान्न नसक्ने छ । स्थानीय, प्रान्तीय वा केन्द्रीय कुनै स्तरको निर्वाचनमा समान्य आर्थिक अवस्था भएको इमानदार कार्यकर्ताले प्रतिस्पर्धा गर्ने हैसियत राख्दैन । वडास्तरको निर्वाचन खर्च करोडौंमा हुनथालेपछि राजनीतिकर्मी कमाउ धन्दामा लाग्नु बाध्यता जस्तो हुँदै गएको छ । आमसर्वसाधारमा विकसित नेता तथा उच्चपदस्थ अधिकारीमाथि दैवी किसिमले विश्वास गर्ने धारणाले गैरकानुनिक कमाउमा लाग्न सजिलो उनीहरूलाई भएको हो । अत्यन्तै कमजोर आर्थिक धरातल भएको राजनीतिककर्मीको रातारात थुप्रिएको अर्बौंको सम्पत्तिमाथि आँखा चिम्लेर सहस्र स्वीकार गर्ने हाम्रो राष्ट्रिय रोगले यस किसिमका घटनालाई बढावा दिएको हो ।

**राजनीतिको व्यावसायीकरण :**

राजनीति व्यक्तिले अवलम्बन गरेको राजनीतिक वैचारिक मूल्य मान्यता र निष्ठाका लागि राजनीति गरिनुको साटो हाम्रो समाजमा व्यवसाय जस्तो व्यवहार गरिनाले मुलुकमा आर्थिक अपराधले प्रश्रय पाएको हो । एकातिर अत्यन्न महँगो निर्वाचन प्रणाली साथमा नेता तथा उच्चपदस्थ सीमित व्यक्तिको सत्ता, स्रोत तथा शक्तिमाथि अनियन्त्रित पहुँचका कारण एउटा अचम्म किसिमको राजनीतिकर्मी उत्पादन गर्ने संस्थाको विकास भइरहेको छ । यस संस्थालाई सिंहदरबार र बालुवाटारका साथमा कर्पोरेट र नेपालका बारेमा चिन्ता गर्ने वैदेशिक शक्तिले प्रत्यक्ष अप्रत्यक्ष सरसहयोग गर्ने गरेको पाइन्छ । राजनीति यसरी कमाउधन्दामा परिणत हुँदै जाँदा माथिल्लो तप्कादेखि तल्लो तप्कासम्म भ्रष्टचारले संस्थागत रूपमा मलजलको सौभाग्य प्राप्त गर्न सक्यो । यो गैरकानुनी नेटवर्कको अन्त्य गर्नसक्ने किसिमको नेतृत्व आजको दिनसम्म बजारमा देखिएको छैन । दलविशेषमा एकाध व्यक्तिलाई नलिने हो भने एउटा विशेष वर्गमात्र शक्तिमा हावी हुँदा राजनीति व्यवसायको रूपमा परिणत हुँदै आएको छ । तीन दशकको समयमा भएका अत्यन्त ठूला आर्थिक अनियमितताका घटना सञ्चारमाध्यममा आएका छन् । तर, संलग्नमाथि कुनै किसिमको कानुनी उपचारको काम हुन नसक्दा अन्य भ्रष्टमा मनोबल बढ्दै गएको हो । गरिब समाजमा आजको वैश्य युगमा पैसाको आडमा कालोलाई सेतो र सेतोलाई कालो बनाउन धेरै गाह्रो काम देखिँदैन । अझ यसमाथि राजनीति र माथिल्लो दर्जाको कर्मचारी प्रशासनको साथ सहयोग भएको खण्डमा यस किसिमका क्रियाकलापले प्रश्रय पाउनु स्वाभाविक हो ।

**नेताहरूभन्दा बिचौलियाको दबदबा :**

सबै निकायमा बिचौलियाको दबदबा बढ्दै गएको छ । पैसाको गैरकानुनी प्रयोग, अनियन्त्रित किसिमको सट्टेबाजीले स्थान लिँदा ठूला किसिमका आर्थिक अपराधीकरणले स्थान पाउने गरेका छन् । सम्पूर्ण क्षेत्रमा बिचौलियाविनाको काम फत्ते गर्न सम्भव छैन । निर्माणमा संलग्न व्यवसायीको दादागिरीमाथि राजनीतिको आशिर्वादका कारण सानो काम पनि वर्षौं सम्पन्न हुनसक्ने गरेको छैन । सीमित गन्न सकिने ठूला व्यवसायीले सम्पूर्ण निर्माणको काममा कार्टेलिङ गरेर आधिपत्य जमाउँदा सरकार निरीह बनेको छ । अन्तर्राष्ट्रियस्तरका व्यवसायीको यस्तै किसिमको रोग विकसित भएका धेरै उदारहण भेटिन्छन् । वैदेशिक व्यापार एवं आयात निर्यातको हकमा मुख्य व्यवसायीभन्दा बिचौलियाको नै दबबदा देखिन्छ । वैदेशिक रोजगारको हकमा त अझ सरकारले घोषणा गरेको नीतिगत व्यवस्था लागू गर्न सरकार स्वयं असक्षम देखिन्छ । वित्तीय क्षेत्र थोरै सीमित व्यक्ति समूह एवं घरानाको पकडमा देखिन्छ । सरकार तथा नियामक निकाय उनीहरूका अगाडि नतमस्तक भएर प्रस्तुत हुनेगरेको छ । बजारमा साना, मध्यम तथा सीमान्तकृत व्यवसायीका लागि सरल कर्जामा पहुँच कम हुँदै गएको र सीमित ठूला व्यवसायीहरूले कर्जामा अधिपत्य जमाउँदा व्यावसायिक जगत खुम्चिँदै गएको छ ।

अन्त्यमा सरकार जबसम्म आफू दह्रो हुँदैन । कानुनीराजको अवधारणा लागू गर्न समर्थ हुँदैन । तबसम्म यस किसमका घट्नाले स्थान पाइरहेका हुन्छन् । राजनीति नेतृत्व जुनसुकै स्तरको होस्, कानुनी दायरामा ल्याउने साहस क्षमता र सामर्थ्य राख्न सक्नुपर्दछ । राजनीतिमा होमिएको सम्पूर्ण पंक्ति यस विषयमा सचेत हुनुपर्दछ र समाजमा सबै किसिमको उज्यालोले क्रमश: मौका पाउने गर्दछ ।

***–इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१–५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१–५४१२३३
- भैरहवा ०७१–५२०१९९
- अर्घाखाँची ०७७–५२११९९
- गुल्मी ०७९–५२०१९९
- परासी ०७८–५२०१९९
- तौलिहवा ०७६–५६००९९
- पाल्पा ०७५–५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१–५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
- पिचन्द्र परासी ०७८–५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
- बुटवल हस्पितल ०७१–५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१–५४४६००
- लियो क्लब अफ बुटवल ०७१–५४५८९३
- रेडक्रस भैरहवा०७१–५२०२६३
- रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
- परासी ०७८–५२०१२५
- रेडक्रस पाल्पा ०७५–५२०६००
- रेडक्रस तौलिहवा ०७६–५६००१५
- रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९–५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६–६९०१०२
- रेडक्रस देवदह ०७१–५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यवसायिक क्षेत्रबाट लाभ हुनेछ । धनसञ्चयको अवसर प्राप्त हुनेछ । | **तुला** : जिम्मेवारी वहन गर्ने समय आएको छ । विशेष सफलता हात लाग्नेछ । |
| **वृष** : आफन्त तथा मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ । | **वृश्चिक** : व्यस्त रहन पर्नसक्छ । प्रेमी/प्रेमिकाकाबिच खिन्नता बढ्नेछ । |
| **मिथुन** : रोकिएका काम सुरु हुन सक्छ। महत्वपूर्ण क्षेत्रमा भ्रमण हुनसक्छ । | **धनु** : फाइदा हुने समय छ । विपरीत वर्गप्रति आकर्षण बढ्न सक्छ । |
| **कर्कट** : काम बिगार्ने अगाडि बढ्न सक्छन् । दौडधूप गर्नुपर्ने हुन सक्छ । | **मकर** : कसैलाई परदेशी घर फर्कने र रमाइलो वातावरण छाउनेछ । |
| **सिंह** : सजिलै अरूको मन जित्न सकिने छ । काममा सफलता हात पर्नेछ । | **कुम्भ** : यात्रा गर्ने अवसर जुट्न सक्छ । वाणीमा कुशलता आउने योग छ । |
| **कन्या** : लगानीको समय छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्नेछ । | **मीन** : वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ। |




बाल कथा

# गधाको मूर्खता




धेरै पहिलेको कुरा हो । एक पटक मत्ता हात्तीसँग भएको झगडाका कारण एउटा सिंह नराम्ररी घाइते भयो । फलत: उसले शिकार गर्न सकेन र निकै दिनसम्म भोकै रहनुपऱ्यो । जब भोकले ज्यानै जाला जस्ता भयो तब सहयोगी स्यालसँग भन्यो-

'स्याल भाइ ! यसरी कति दिन चल्ला र खोइ ? कुनै तरिकाले समाधान निकाल्नुपर्छ जस्तो लाग्छ तिमी के भन्छौ ?'

तत्कालै स्यालले भन्यो-

'के गर्ने त वनराज ! तपाईँ शिकारमा जान सक्नुहुन्न । आफू ठहरेँ सेवक, तपाईकै जुठोपुरो खाएर बाँच्ने प्राणी ।'

त्यसपछि सिंहले लामो सास फेर्दै भन्यो-

'हो, शिकारमा जान त सक्दिन तर कसैलाई नजिक भेटेमा एकै झापुले ढाल्ने तागत भने अझै छ । त्यसैले सक्छौ भने कसैलाई फकाएर ल्याउने काम गर । यदि यति गर्न सक्यौ भने पक्कै हाम्रो काम बन्नेछ ।'

सिंहको कुरा सुनेर स्याल जनावरको खोजी हिँड्यो । केही पर पुग्ने बित्तिकै उसले खेतमा चरिरहेको एउटा गधालाई देख्यो र नजिक गएर भन्यो-

'ओ हो मित्र ! के सारो दुब्लाको ? मालिकले पेटभरी खान पनि दिन्नन् के हो ? केही अघि त निकै फष्टपुष्ट देखिएका थियौ ।'

स्यालको कुरा सुनेर गधाले दु:खित हुँदै भन्यो-

'हो मित्र ! त्यस्तै बुझ । मालिकलाई त कामको मात्र वास्ता छ । खाना त नाम मात्रकै हुन्छ । त्यसैले कामबाट फुर्सद मिल्ने बित्तिकै चर्न यतै आउने गर्छु ।'

स्यालले यही निहुँमा गधलाई फसाउने निधो गऱ्यो र थप चिप्लो घस्दै भन्यो-

'धन्दा नमान मित्र ! सहयोगका लागि यो साथी हाजिर छ । चाहन्छौ भने अहिले नै कुनै जंगलको घाँसे मैदानमा लिएर जान सक्छु ।'

जंगलको कुरा सुन्ने बित्तिकै गधाले सशङ्कित हुँदै भन्यो-

'भयो मित्र ! यहीँ ठीक छु । जंगलमा ठूला जनावरको डर हुन्छ ।'

स्यालले थप चाप्लुसी देखाउँदै भन्यो-

'ओ हो मित्र ! के कुरा गऱ्या त्यस्तो ? थोरै त्यस्तो स्थानमा लान्छु । बुझ त्यो स्थान मेरो आफ्नै हो, जहाँ निर्धक्क चर्न सक्छौ । अँ एउटा कुरा । त्यहाँ केही समयदेखि एउटी गर्धभी कन्या पनि बस्दै आएकी छिन् । उपयुक्त वरको खोजीमा आकी रे । के थाहा तिम्रो लगन जुर्ने पो हो कि ?'

स्यालले यही निहुँमा गधलाई फसाउने निधो गऱ्यो र थप चिप्लो घस्दै भन्यो– 'धन्दा नमान मित्र ! सहयोगका लागि यो साथी हाजिर छ । चाहन्छौ भने अहिले नै कुनै जंगलको घाँसे मैदानमा लिएर जान सक्छु ।' जंगलको कुरा सुन्ने बित्तिकै गधाले सशङ्कित हुँदै भन्यो– 'भयो मित्र ! यहीँ ठीक छु । जंगलमा ठूला जनावरको डर हुन्छ ।' स्यालले थप चाप्लुसी देखाउँदै भन्यो– 'ओ हो मित्र ! के कुरा गऱ्या त्यस्तो ? थोरै त्यस्तो स्थानमा लान्छु । बुझ त्यो स्थान मेरो आफ्नै हो, जहाँ निर्धक्क चर्न सक्छौ । अँ एउटा कुरा । त्यहाँ केही समयदेखि एउटी गर्धभी कन्या पनि बस्दै आएकी छिन् । उपयुक्त वरको खोजीमा आकी रे । के थाहा तिम्रो लगन जुर्ने पो हो कि ?'

स्यालको कुरामा विश्वास गरी गधा उसको पछि लाग्यो । शिकार नजिक आएको देखेपछि सिंह खुसी हुँदै आक्रमण गर्ने प्रयास गऱ्यो तर भइदियो के भने सिंहलाई देख्ने बित्तिकै गधाले यसरी सुइँकुच्चा ठोक्यो कि ऊ हेरेकोहेऱ्यै भयो ।

त्यसपछि स्यालले सिंहलाई होच्याउँदै भन्यो-

'वनराज ! निकै बलवान सोचेको थिएँ तर तपाई त नामर्द हुनुहुँदो रहेछ । गधाको समेत शिकार गर्न सक्नुभएन । बल्ल बुझ्दैछु हात्तीले त्यति सजिलै किन पछारेको रहेछ भन्ने कुरा ।'

सिंहले लज्जित हुँदै भन्यो-

'कुरा त्यसो होइन भाइ ! यदि एक झापड लगाउन पाएको भए पक्कै बचेर जान सक्ने थिएन तर के गर्ने आज यस्तै भयो । यदि पुन एक पटक फकाएर ल्याउन सक्छौ भने विश्वास गर उम्केर जान दिने छैन ।'

त्यसपछि स्यालले भन्यो-

'उसलाई पुन फकाएर ल्याउन त्यति सजिलो त छैन । तैपनि प्रयास गर्छु तर यस पटक चाहिँ फुत्किन दिनुहुने छैन ।'

यति भनेर ऊ पुन गधाको खोजी गर्न गयो । केही पर पुग्ने बित्तिकै गधालाई कुनै रुखमुनि बसेर सुस्ताइरहेको देख्यो पनि । त्यसपछि बिस्तारै गधाको नजिक गएर पुन: चिल्लो घस्दै भन्यो-

'होइन मित्र ! किन त्यसरी भागेको ? घाँसे मैदान त्यसकै नजिक थियो त ।'

गधाले भन्यो-

'अँ खुब ! मलाई थाहा छैन र । फकाएर कुनै डर लाग्दो जनवारको नजिक लाँदै थियौ तिमी ।'

स्यालले अर्को पाशा फ्याँक्दै भन्यो-

'हरे मित्र ! कसरी सम्झाउँ । कहाँ त्यो डर लाग्दो जनावर थियो र । त्यही त थिइन् गर्धभी कन्या, जो तिमीलाई देख्ने बित्तिकै नजिक आउन खोज्दै थिइन् तर तिमी भने कुरै नबुझी भाग्यौ वा । के सोची होलिन् विचरीले । अझै पनि मौका छ । चाहन्छौ भने पुन: उनी समक्ष लान सक्छु तर पहिले जस्तै भागेर चाहिँ नहिँड्नु नि ।'

गधा पुन: स्यालको चिप्लो कुरामा विश्वास गरी पछि लाग्यो तर सिंह यतिबेला यति सावधानीपूर्वक बसेको थियो कि नजिक पुग्नासाथ एकै झापुमा कऱ्यापकुरुप पाऱ्यो ।

गधालाई मारेपछि सिंहले खुसी हुँदै भन्यो-

'अब चिन्ता छैन स्याल भाइ ! केही दिनका लागि भोक टऱ्यो । बरू म स्नान गरेर आउँछु त्यतिबेलासम्म शिकारलाई कुरेर बस्नु ।'

यति भनेर सिंह स्नान गर्न गयो । स्याल शिकार कुरेर बस्यो तर सिंहले फर्कन बेर गरेकोले उसले भोक थाम्न सकेन र गधाको गिदी निकालेर खायो । आफू आइपुग्दा गधाको गिदी नदेखेर सिंहले रिसाउँदै भन्यो-

'के हो यो ? एक छिन पनि धैर्य गर्न सकिनस् । कुरेर बस्नु भनेको त उल्टै गिदी नै खाइसकिस होइन ? अब तेरो जुठो कसरी खाने मैले ?'

स्यालले सम्झाउँदै भन्यो-

'कुरा त्यसो होइन वनराज ! यस गधाको गिदी नै थिएन । गिदी भएको भए थोरै एकपटक मृत्युको मुखबाट उम्केपछि पुन: फर्केर आउँथ्यो ?'

सिंहलाई स्यालको कुरा ठीकै लाग्यो । उनीहरू दुवै मिलेर भोजन गर्न लागे । यसरी स्यालको चिल्लो कुराको पछि लागेर गधाले अकालमा ज्यान गुमाउनुपऱ्यो । बूढापाकाले रोटी चिल्लो मीठो कुरा खस्रो मीठो त्यत्तिकै कहाँ भनेका रहेछन् र भन्या ।

*-रातोपाटी डटकम*

निबन्ध — शीतल गिरी

# बुद्ध जन्मिएको स्थल लुम्बिनी



हिन्दुहरूका चार धाम जस्तै बौद्ध धर्मावलम्बीहरूका चार धाममा गौतम बुद्ध जन्मेको स्थल लुम्बिनी, ज्ञान प्राप्ति स्थल गया, प्रथम ज्ञान प्रसारण स्थल सारनाथ र निर्वाण स्थल कुशिनारा हो । केही वर्षअघि बुद्ध जन्मेको स्थल लुम्बिनीको दर्शन गर्न गएको थिएँ । बुद्ध जन्मेको स्थल लुम्बिनी नेपालमा हुनु गौरवको विषय हो । बुद्ध धर्मको खास गरी दार्शनिक पक्षका पुस्तकहरू पाए जति पढ्ने गरेको छु । संसारभर छरिएका अर्बभन्दा बढी संख्याका बौद्ध धर्मावलम्बीहरूले जीवनमा एक पटक लुम्बिनीको दर्शन गर्ने इच्छा राखेका हुन्छन् ।

मैले थाहा पाएअनुसार भारतीयहरू सकेसम्म लुम्बिनीलाई ओझेलमा पार्न चाहन्छन् र उनीहरूद्वारा भित्रिएका पर्यटकलाई सकेसम्म थोरै समय मात्र नेपालमा बसाउन चाहन्छन् । आफ्नै नाइटोमा कस्तूरी बोकेर कस्तूरी खोज्दै भौँतारिने मृगजस्तै हामी पनि गौतम बुद्ध सम्बन्धित स्थलहरूको संरक्षण, संवर्द्धन र प्रचार प्रसार गर्न चुकेका छौँ– मलाई त यस्तो लाग्छ गौरवको साथमा भन्न हिचकिचाइरहेका छौँ त्यसै भएको हुँदा विश्व सम्पदामा सूचीकृत गरिएको लुम्बिनीलाई एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्यस्थल बनाउन यथार्थमा अझ सकेका छैनौँ । भावनामा बगेर वा कसैबाट प्रेरणा पाएर म यो लेखिरहेको छैन । हरेक वर्ष संसारभरका न्यूनतम ९५ देशका लाखौँ पर्यटक बुद्ध जन्मिएको स्थान लुम्बिनीको दर्शन गर्न आउने गरेका छन् । यहाँ सोच्नु पर्ने कुरा छ, तब पनि सो क्षेत्रमा पर्यटन उद्योग फस्टाउन सकेन किन ? पर्यटकहरूलाई बुद्धको जीवनीसँग सम्बन्धित रुपन्देहीस्थित लुम्बिनी बाहेक देवदह र कपिलवस्तुको रामग्राम (बुद्धको अस्तु गाडिएको स्थल)को महत्त्व बुझाएर, आकर्षित गर्न सकेनौँ किन ? अँ... साँच्चै भन्ने हो भने समग्र लुम्बिनी ( बुद्धसँग सम्बन्ध जोडिएको स्थल) प्याकेज बनाएर पर्यटकको मन मस्तिष्कमा महत्त्व बुझाएर– सोही बमोजिमको तयारी गर्न सकेमा नेपालको पर्यटन उद्योग अवश्य फस्टाउने छ । भगवान् गौतम बुद्धले बोधिसत्त्व ( बुद्धत्व) प्राप्त गर्नु अघिको नाम सिद्धार्थ गौतमको नामबाट नामाकरण गरिएको सिद्धार्थनगर (भैरहवा)लाई लुम्बिनी प्रवेशद्वार बनाएर मात्र पुग्दैन, यथार्थमा बौद्धमय बनाउनु पर्छ । नामाकरण त गरियो । आन्तरिक र बाह्य परिवर्तन नगरिएको हुँदा पर्यटकको मन जित्न नसकेको जस्तो लाग्दछ ।

विश्वभर छरिएर रहेका बौद्ध धर्मावलम्बीहरूको तीर्थस्थल हो, लुम्बिनी । विश्वको बौद्ध धर्मावलम्बीलाई यस क्षेत्रले सप्ताहभर ज्ञान र भ्रमणमा रम्न लगाउन सक्ने वातावरण बनाउनै पर्छ । बौद्ध धर्मका जन्मदाता भगवान् गौतम बुद्ध हाम्रै देश नेपालमा जन्मिए पनि हामीले लुम्बिनीलाई संसारभर चिनाउन सकेनौँ । रुपन्देही जिल्लाको लुम्बिनी गौतम बुद्धको जन्मथलो । संसारभर अर्बभन्दा बढी संख्याका बौद्धले जीवनमा एक पटक लुम्बिनी दर्शनको इच्छा राख्ने गर्छन् । मैले सोचेँ, गौतम बुद्धको जन्म स्थल लुम्बिनी नेपालमा छ र सो अनादर होइन सम्मान गर्न लगाउन म कोसिस गर्नेछु । पूर्वाधारको अभाव, प्रचारप्रसार र योजनाको कमीले गर्दा चाहे जति विदेशी पर्यटक भने भित्र्याउन सकेका छैनौँ । विश्व सम्पदामा सूचीकृत लुम्बिनीमा बुद्धकी आमा माया देवीको मन्दिर (बुद्ध जन्मेको संकेत चिन्ह अर्थात् मार्कर स्टोन, मूर्ति र पुरातात्त्विक वस्तुहरू छन्), अशोक स्तम्भ, पुष्करणी (मायादेवीले बुद्ध जन्माउनु अघि नुहाएको पवित्र पोखरी), अखण्ड शान्तिदीप, विश्वशान्ति स्तूप, विभिन्न मित्रराष्ट्रले बनाएका मनमोहक गुम्बा, जैविक तथा वृक्ष विविधता, सिमसार, उद्यान, संग्राहालय, अनुसन्धान केन्द्र, दुर्लभ पन्छी सारस, हरिण, नीलगाई र विविध पुरातात्त्विक वस्तु अवलोकनीय छन् ।

विश्वभर छरिएर रहेका बौद्ध धर्मावलम्बीहरूको तीर्थस्थल हो, लुम्बिनी । विश्वको बौद्ध धर्मावलम्बीलाई यस क्षेत्रले सप्ताहभर ज्ञान र भ्रमणमा रम्न लगाउन सक्ने वातावरण बनाउनै पर्छ । बौद्ध धर्मका जन्मदाता भगवान् गौतम बुद्ध हाम्रै देश नेपालमा जन्मिए पनि हामीले लुम्बिनीलाई संसारभर चिनाउन सकेनौँ । रुपन्देही जिल्लाको लुम्बिनी गौतम बुद्धको जन्मथलो । संसारभर अर्बभन्दा बढी संख्याका बौद्धले जीवनमा एक पटक लुम्बिनी दर्शनको इच्छा राख्ने गर्छन् । मैले सोचेँ, गौतम बुद्धको जन्म स्थल लुम्बिनी नेपालमा छ र सो अनादर होइन सम्मान गर्न लगाउन म कोसिस गर्नेछु । पूर्वाधारको अभाव, प्रचारप्रसार र योजनाको कमीले गर्दा चाहे जति विदेशी पर्यटक भने भित्र्याउन सकेका छैनौँ । विश्व सम्पदामा सूचीकृत लुम्बिनीमा बुद्धकी आमा माया देवीको मन्दिर (बुद्ध जन्मेको संकेत चिन्ह अर्थात् मार्कर स्टोन, मूर्ति र पुरातात्त्विक वस्तुहरू छन्), अशोक स्तम्भ, पुष्करणी (मायादेवीले बुद्ध जन्माउनु अघि नुहाएको पवित्र पोखरी), अखण्ड शान्तिदीप, विश्वशान्ति स्तूप, विभिन्न मित्रराष्ट्रले बनाएका मनमोहक गुम्बा, जैविक तथा वृक्ष विविधता, सिमसार, उद्यान, संग्राहालय, अनुसन्धान केन्द्र, दुर्लभ पन्छी सारस, हरिण, नीलगाई र विविध पुरातात्त्विक वस्तु अवलोकनीय छन् । एक जना साथीले भनेका थिए, बुद्धको जीवनी र कार्यसँगै छिमेकी जिल्ला कपिलवस्तु र नवलपरासी पनि सम्बन्धित छन् । कपिलवस्तु जिल्ला सदरमुकाम तौलिहवा क्षेत्रमा बुद्धका बुवा राजा शुद्धोदनको दरबार थियो । तिलौराकोटको यही दरबारमा बुद्धले २९ वर्षसम्मको गृहस्थ जीवन बिताएका थिए । मलाई लाग्छ– २९ वर्षमा गृहस्थी त्यागेका सिद्धार्थ गौतमले कठोर साधनापछि ३४ वर्षको उमेरमा ज्ञान ( बोधिसत्त्व) प्राप्त गरेपछि नै उनलाई बुद्ध भनिएको हो ।

लुम्बिनीदेखि २७ किलोमिटर पश्चिममा रहेको तिलौराकोटमा दरबारको भग्नावशेष र पुरातात्त्विक वस्तुको संग्रहालय छ । बुद्धका वंशज शाक्यहरूको विडुडभद्वारा वध गरिएको सगरहवा, तिलौराकोटदेखि साढे तीन किलोमिटर उत्तरमा पर्दछ । दुई किलोमिटर दक्षिणमा रहेको कुदान बुद्धले ज्ञानप्राप्तपछि गृहनगर आएर पहिलो पटक बावु र छोरा राहुललाई भेटेको र राहुल नवदीक्षित (भिक्षु) भएको ठाउँ अब उपेक्षित रहने छैन । नवलपरासीको देवदह बुद्धको ससुराली तथा मावली हो र यहाँ सयौँ वर्षको मानिएको (केहीले बुद्धकालीन पनि भन्ने गर्छन् ।) धार्मिक महत्त्व पाइसकेको विशाल पाकडको रुख छ । नवलपरासीमा कन्यामाई, बौद्धीमाईका ससाना मन्दिरका साथै विविध पुरातात्त्विक महत्त्वका वस्तु पनि छन् । मैले सम्झनामा नवलपरासीमा सूर्योदयको बेला देखेको मनमोहक हरियालीबाट सुखानुभूति पाएको ताजै राखेको छु । बुद्धको अष्ठधातु गाडिएको रामग्राम– बुद्धको नातेदार, राजपरिवार कोलिय राज्यको राजधानी समेत हो । सदरमुकाम परासी बजारदेखि तीन किलोमिटर दक्षिणमा छ अस्तु राखिएको बुद्ध स्तूपा । झरही खोलाको किनारमा छ रामग्राम बुद्ध स्तूपा– मौन अभिव्यक्तिको साथ ।

*-साहित्यपोष्ट डटकम*

# माथामालिका एकीकृत कृषिको सार्वजनिक सुनुवाई



**पाल्पा,** जेठ १७/जिल्लाको माथागढी गाउँपालिका-४, झडेवामा रहेका माथामालिका एकीकृत कृषि प्रालिले सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । संस्थाले भए गरेका गतिविधिहरुलाई एक औपचारिक कार्यक्रमका बिच आम नागरिक समक्ष सार्वजनिक गरेको हो ।

सार्वजनिक कार्यक्रमलाई माथागढी गाउँपालिकाका अध्यक्ष यमबहादुर चिदीले सम्बोधन गरेका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै उनले माथामालिकाले कृषिको क्षेत्रमा गरेका कामहरु प्रसंशनिय रहेको बताए । उनले निर्वाहमूखी कृषिबाट व्यवसायिक कृषि प्रणालीतर्फ अगाडि बढाउन पालिकाले विभिन्न कार्यक्रमहरु अगाडि सारेकाले कृषि फर्महरुले निर्धक्कका साथ काम गर्न आग्रह गरे । अध्यक्ष चिदीले भने 'स्थानीय सरकारले कृषि कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई आयआर्जनतर्फ अग्रसर बनाउन विभिन्न क्षेत्रहरुमा अनुदानका कार्यक्रमहरु ल्याएको छ, हामी युवाहरुलाई गाउँमै कृषिमा जोड्न खोजिरहेका छौं ।' गाउँपालिकाको उपाध्यक्ष विष्णुमाया लुङ्चेले कृषिमार्फत माथागढीमा आर्थिक क्रान्ति सम्भव रहेकाले यसलाई सबै पक्षले गम्भिरताका साथ लिनुपर्नेमा जोड दिइन् । कार्यक्रममा १ का वडा अध्यक्ष राजकुमार पन्थी, गाउँपालिकाका कृषि शाखाका प्रमुख गौतम थापा, झडेवा स्वास्थ्य चौकीका प्रमुख लक्ष्मणबहादुर गाहा, कार्की कृषिका फर्मका सञ्चालक अर्जुन कार्की, नेपाली काँग्रेस झडेवाका प्रतिनिधि चन्द्रदेव पन्थी, नेकपा एमाले झडेवाका अध्यक्ष राजेश पन्थी लगायतले आ-आफ्ना धारणा राखेका थिए ।

सार्वजनिक सुनुवाईमा उठेका प्रश्नहरुको प्रालिका अध्यक्ष राजेन्द्रबहादुर जिसीले जवाफ दिएका थिए । कार्यक्रममा माथागढीमा कृषिको सम्भावनाहरु, यसका चुनौती, स्थानीय सरकाकारको कृषि सम्बन्धी नीति, योजना र कार्यक्रम, कृषकहरुका वर्तमान समस्याहरु, कृषि एम्बुलेन्सको व्यवस्था लगायतका विषयमा जिज्ञासाहरु राखिएको थियो । माथामालिका एकीकृत कृषि फर्म प्रालि २०७७ सालमा स्थापना भएको हो । हाल यो कृषि प्रालिमा १८ जना शेयर सदस्यहरु रहेका छन् । प्रत्येक शेयर सदस्यहरुले जनही ४ लाख रुपैयाँ संकलन गरी कृषिर्फम सञ्चालन गरेको फर्मका अध्यक्ष जिसीले बताए । हाल यो कृषि फर्मले पूर्वाधार तयारी, भैसी खरिद तथा पालन, दुध वितरण तथा ढुवानी ब्यवस्थापन, घास ब्यवस्थापन, मल व्यवस्थापन, भकारो सुधार, वातावरण प्रभाव नियन्त्रण तथा न्यूनिकरण र दुग्धजन्य पदार्थ उत्पादन जस्ता क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । कार्यक्रम संस्थाका अध्यक्ष राजेन्द्रबहादुर जिसीको अध्यक्षता, उप-आयोजना ब्यवस्थापक लक्ष्मणबहादुर जिसीको स्वागत, सचिव निरबहादुर सारुको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# सहयोग नहुँदा गौधाम...

...उनले गाई संरक्षणका लागि प्रदेश सरकारसँग पनि सहयोगको माग गरेको बताए । 'गौधाममा २३/२४ गाई पाल्न मिल्ने गोठ छ, कहिलेकाहीँ कोचाकोच गरेर राख्न बाध्य छौं', ढकालले भने, 'दुई गोठाला बिहान ६ देखि बेलुकी ७ बजेसम्म गाईको दैनिक हेरचाह गर्छन् ।' हाल आजीवन सदस्य बनेका र दाताले दिएको रकम तथा घाँस परालले गौधाममलाई जसोतसो चलाएको उनले बताए । गाई गौधाममा ल्याउनेलाई आजीवन सदस्य बनाएर पाँच हजार एक सय लिने प्रावधान बनाइएको छ । त्यसले पनि थोरै सहयोग गरेको छ । दाताबाट सोचेजस्तो सहयोग नआउँदा गाई संरक्षणमा समस्या भएको गोठाला महेश कुँवरले बताए ।

'गाईलाई आहारा र चरन क्षेत्रको समस्या छ', उनले भने, 'अहिलेसम्म बल्लबल्ल चलाएका छौं, हामीलाई पनि खान बस्न समस्या छ ।' नगर उपप्रमुख हेमा न्यौपानेले गौ संरक्षणका लागि विगतका वर्षमा पनि नगरपालिकाले बजेट विनियोजन गरेर काम गरेको बताइन् । उनले संरक्षण गरेका स्थानमा भएका जटिलताको अध्ययन गरेर आउने दिनमा समस्या समाधानका लागि पहल र प्रयास गर्ने प्रतिवद्धता जनाइन् ।

'गाई धार्मिक र औषधीय दृष्टिकोणले महत्वपूर्ण भए पनि पछिल्लो समय लोप हुँदै जानु अत्यन्त द:ुखद पक्ष हो', उनले भनिन्, 'सामूहिक छलफलद्वारा गाईपालनतर्फ सबैको आकर्षण कसरी बढाउनुपर्छ, निचोड निकाल्नैपर्छ, सरोकारवालाहरुले विषय उठाएको खण्डमा नगरपालिकाले गम्भीरतापूर्वक पहल र प्रयास गर्ने छ ।' *-रासस*


रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

प्रकाशित मिति: २०८०/०२/१७

प्रस्तुत विषयमा यस रामपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले मिति २०८०/०१/१५ गते पहिलो प्रकाशित सूचना अनुसार तपसील बमोजिमका रामपुर नगरपालिको विभिन्न वडा तथा वडा नं ४ को बाँकी मो.बा. मर्मत गर्ने कार्य खरिदका लागि आह्वान गरिएको बोलपत्रमा निर्धारित समयभित्र पर्न आएका बोलपत्रको मूल्याङ्कन गर्दा तपसील बमोजिमको बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको भनी मुल्यांकन समितिको सिफारिस तथा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७(२) र (३) अनुसार सम्बन्धित बोलपत्रहरु र अन्य सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्रको विवरण | बोलपत्रदाता | कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १. | **RMO/WORK/ NCB/36/079/80** Maintenance work of road in different wards and remaining work of ward no. 4 of Rampur Municipality | श्री कन्चन कन्स्ट्रक्सन- कुश्मा पर्वत । | रु.५४,४३,७८२।४० (मु.अ.कर सहित) | |

*प्रमुख प्रशासकीय अधिकृत*


## खेलकुद समाचार

# एसियाडका लागि कराँते खेलाडी छानिए




**काठमाडौं,** जेठ १७/चीनको हाङ्झोउमा आयोजना हुने १९औं एसियाली खेलकुद प्रतियोगिता (एसियाड)का लागि कराँतेको अन्तिम छनोट सम्पन्न भएको छ । आगामी एसियाली खेलकुदका लागि कराँतेबाट आठजना खेलाडी छनोट भएका हुन् । छनोट प्रतियोगिता जेठ १६ र १७ गते भएको थियो ।

कराँतेका प्रशिक्षक कुशल श्रेष्ठका अनुसार, महिला ६८ केजीभन्दा माथिको तौलसमूहमा एरिका गुरुङ एसियाडका लागि छनोट भएकी छन् । महिला ६१ केजीभन्दा मूनिको तौलसमूहमा निरुपा तामाङ छनोट भएकी छन् । यसैगरी महिला ५०–५५ केजी तौलसमूहका लागि सविना श्रेष्ठ छनोट भएकी छन् । महिला एकल काताका लागि एलिशा रास्तकोटी छनोट भएको जानकारी प्रशिक्षक श्रेष्ठले दिए । पुरुष ६७ केजीभन्दा मूनिको तौलसमूहमा सन्तोष श्रेष्ठ छनोट भएका छन् ।


यसैगरी पुरुष ७५ केजीभन्दा मूनिको तौलसमूहमा मोहम्मद सेख छनोट भएका छन् । पुरुष ८४ केजीभन्दा माथिको तौलसमूहमा विप्लभ श्रेष्ठले एसियाडमा स्थान बनाएका छन् । पुरुष एकल कातामा स्वर्णिम मानन्धर छनोट भएका छन् । १९औं एसियाली खेलकुद आगामी सेप्टेम्बर २३ तारिखदेखि सुरु हुँदैछ ।


मनको आवाज............
'नाम पनि युनिक, काम पनि युनिक'
युनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
युनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१



## अर्थ/कर्पोरेट समाचार

# पत्रकारको दुर्घटना बीमा प्रदेश सरकारले गर्ने



**सिद्धार्थनगर,** जेठ १७/लुम्बिनी प्रदेशका आन्तरिक मामिला, कानुन तथा सहकारीमन्त्री सन्तोषकुमार पाण्डेयले पत्रकारिता क्षेत्रको वृद्धि, विकाससँगै पत्रकारसँग सहकार्य गरेर सरकार अघि बढ्ने बताएका छन् ।

लुम्बिनी प्रेस क्लबले बुधबार भैरहवामा आयोजना गरेको छलफल कार्यक्रममा लुम्बिनी सरकारका प्रवक्तासमेत रहेका मन्त्री पाण्डेयले पत्रकारसँग सहकार्य गरी समयानुकूल ऐन, नियम बनाउँदै सञ्चारमाध्यमलाई व्यवस्थित बनाउने बताए । उनले सञ्चार क्षेत्रसँग सम्बन्धित कतिपय ऐन, नियम र कानुन नबनेको भन्दै आवश्यक ऐन, नियम बनाउने कार्यलाई छिटो पूर्णता दिने बताए । "ऐन, नियम बनेमा सञ्चार क्षेत्र व्यवस्थित हुन्छ, यसका लागि सबै पत्रकारसँग सहकार्य गरी सल्लाह सुझाव लिएर मैले काम गर्ने छु, प्रदेश सरकारले काम गर्ने छ", मन्त्री पाण्डेयले भने । उनले पत्रकारितासँग सरोकार राख्ने सबै क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउँदै समग्र सञ्चार जगत्लाई विकास गर्न सरकार कटिबद्ध रहेको बताए । मन्त्री पाण्डेयले आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि पत्रकारको दुर्घटना बीमा नवीकरण गर्ने प्रक्रिया अघि बढाएको बताए । "नवीकरण नहुँदा दुर्घटना बीमाको काम रोकिएको थियो, मैले सचिवलाई निर्देशन दिएर प्रक्रिया अघि बढाएको छु, छिट्टै टुङ्गिन्छ", उनले भने । पत्रकारको दुर्घटना बीमा प्रदेश सरकारले गर्ने भन्दै मन्त्री पाण्डेयले लुम्बिनी प्रेस क्लबमा आबद्ध पत्रकारको क्षमता विकासका लागि सरकारले सहयोग गर्ने जनाए । मन्त्री पाण्डेयले लुम्बिनी सरकारले स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने गरी योजना बनाएर अघि बढ्न लागेको बताए । स्थानीय उत्पादनलाई 'ब्राण्डिङ' गरेमा बजार चलायमान हुने उनको भनाइ छ । मन्त्री पाण्डेले लुम्बिनीका माध्यमबाट प्रदेशलाई समृद्ध गराउनेतर्फ सरकार लागिपरेको बताए । *-रासस*


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई